**Ridge Line Energy Ltd.**

Kupondol,Lalitpur Nepal
01-5900114
info@ridgeline.com.np
rlenergy18@gmail.com
www.ridgeline.com.np

च.नं.:०३४-०८३/०८४

कम्पनी दर्ता नं. २९१९८९/७८/०७९
मिति: २०८३/०६/०५

श्री नेपाल धितोपत्र बोर्ड
खुमलटार, ललितपुर ।

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, रामशाहपथ, काठमाण्डौ ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलीसडक, काठमाण्डौ ।

विषय: (क) कम्पनीको नियमावलीको संशोधन बारे ।
(ख) दोस्रो विशेष साधारण सभाको काम कारवाहीको विवरण (निर्णय माईन्यूट) बारे ।

महोदय,

उपर्युक्त बिषयका सम्बन्धमा यस कम्पनीको मिति २०८३/०६/०२ मा सम्पन्न दोस्रो विशेष वार्षिक साधारण सभाबाट कम्पनीको निम्नानुसार नियमावलीमा संशोधन गर्ने निर्णय भएको तहाँ समक्ष निवेदन गर्दछौं । उक्त संशोधित नियमावली कम्पनी राजिष्ट्रारको कार्यालयमा अभिलेखित भई कम्पनी रजिष्ट्रारको कार्यालयबाट प्रमाणिकरण भए पश्चात् लागू हुन समेत जानकारी गराउँदछौं:

| नियमावलीमा भएको साविक व्यवस्था | संशोधित व्यवस्था |
|---|---|
| नियम २८. - सञ्चालक हुन लिनु पर्ने न्युनतम शेयर संख्या: यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०००० कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन । | नियम २८. - सञ्चालक हुन लिनु पर्ने न्युनतम शेयर संख्या: यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन । |

यस कम्पनीको २०८३/०६/०२ मा सम्पन्न दोस्रो विशेष साधारण सभाको काम कारवाही विवरण (निर्णय माईन्यूट) यसै पत्र साथ संलग्न गरी तहाँको जानकारीको लागि पेश गरेका छौं ।

धन्यवाद ।

भवदीय,

.......................................
रोशन पौडेल
कम्पनी सचिव

Ridge Line Energy Ltd.

बोधार्थ,

१. प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौ ।

# रिज लाइन इनर्जी लिमिटेड

ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १, ललितपुरको

दोस्रो विशेष साधारण सभाको

**काम कारवाहीको विवरण (निर्णय माइन्यूट)**

**मिति २०८३/०६/०२**

१. **वैधानिक सभाः**

रिज लाइन इनर्जी लिमिटेडको मिति २०८३ साल भाद्र महिना १० गते तदनुसार सन् २०२६ अगस्ट २६ बुधवार बसेको सञ्चालक समितिको ११९ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा कम्पनीको प्रवन्धपत्र र नियमावली बमोजिम यस कम्पनीको दोस्रो विशेष साधारण सभा कम्पनीका सञ्चालक समितिका अध्यक्ष डा. बसन्त गिरीज्यूको अध्यक्षतामा निम्न लिखित मिति, समय र स्थानमा बसी निर्धारित विषयमा छलफल तथा निर्णय देहाय बमोजिम काम कारवाही सुसम्पन्न भयो ।

२. **सभा बसेको मिति, समय र स्थानः**

**मितिः** २०८३ साल आश्विन २ गते (तदनुसार सन् २०२६ सेप्टेम्बर १८) शुक्रवार ।

**समयः** बिहान ११:०० बजे ।

**स्थानः** काठमाण्डौ जिल्ला, चन्द्रागिरी नगरपालिका वडा नं. ७ स्थित ग्रीन ल्यान्ड ब्याङ्क्वेट एन्ड रेस्टुरेन्ट प्रा.लि. ।

३. **सभाको सूचनाः**

यस कम्पनीको मिति २०८३ साल भाद्र महिना १० गते तदनुसार सन् २०२६ अगस्ट २६ बुधवार बसेको सञ्चालक समितिको ११९ औं बैठकको निर्णयानुसार कम्पनीको दोस्रो विशेष साधारण सभाको सूचना (स्थान, मिति, समय र छलफल हुने विषय समेत) कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार मिति २०८३/०५/११ र मिति २०८३/०५/१२ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गर्नुका साथै कम्पनीको वेभसाईटमा राखी शेयरधनी महानुभावहरुमा सार्वजनिक रुपमा सूचित गरिएको थियो ।

४. **छलफल तथा निर्णयका लागि निर्धारित विषयसुचीः**

(क) **विशेष प्रस्तावः**

(१) कम्पनीको नियमावलीमा संशोधन गर्ने बारे ।

(ख) **विविध** ।

५. **सभामा उपस्थितिः**

(क) **सञ्चालकको उपस्थितिः**

| | | |
|---|---|---|
| (१) | डा. बसन्त गिरी | अध्यक्ष |
| (२) | प्रदिप राज गिरी | सञ्चालक |
| (३) | नारायण कंडेल | सञ्चालक |
| (४) | दिपेन्द्र हमाल | सञ्चालक |
| (५) | प्रतिमा तिवारी | सञ्चालक |
| (६) | अशोक कुमार खड्का | सञ्चालक |



Ridge Line Energy Ltd.

(ख) **पदाधिकारीको उपस्थितिः**

| | | |
|---|---|---|
| (१) | रोशन पौडेल | कम्पनी सचिव तथा प्रमुख सञ्चालन अधिकृत |
| (२) | शिब न्यौपाने | लेखा प्रमुख |

(ग) **शेयरधनी उपस्थितः**

(१) स्वयं उपस्थित हुने शेयरधनीको संख्या (व्यक्ति शेयरधनी): ८९ जना ।

(२) प्रोक्सी मार्फत उपस्थित शेयरधनीः ४० जना ।

(३) अख्तियारनामा मार्फत उपस्थित शेयरधनी (कम्पनी शेयरधनी): ९ जना ।

(४) जम्मा उपस्थित शेयरधनी संख्याः १३८ जना ।

(५) जम्मा शेयरधनीः ८०,९६० जना ।

(घ) **गणपूरक संख्याः**

(१) कूल शेयर संख्यामाः १,१८,५०,००० थान ।

(२) जम्मा शेयरधनीः ८०,९६० जना ।

(३) सभा सञ्चालन गर्न आवश्यक न्यूनतम गणपूरक संख्या (शेयरमा): ५९,२५,००१ थान ।

(४) कूल शेयरको प्रतिनिधित्व (प्रतिशतमा): ५३.७७ प्रतिशत ।

(५) कूल शेयरको प्रतिनिधित्व (संख्यामा): ६३,७१,५९९ थान ।

(६) सभामा उपस्थित शेयरधनीको संख्याः १३८ जना ।

(ङ) यस सभामा सहभागी हुन पाउने शेयरधनीको कूल सख्या मध्ये उपस्थित शेयरधनीहरु सबैजना कम्पनी ऐन, २०६३ को दफा ७१ बमोजिम सभामा सहभागी हुन योग्य थिए ।

६. **सभाको वैधानिकता र सभा सञ्चालनः**

कम्पनीको दोस्रो विशेष साधारण सभा कम्पनी ऐन, २०६३ को दफा ६७(२) को प्रावधान अनुसार बोलाइएको र सभाको गणपूरक संख्याको हकमा कम्पनी ऐन, २०६३ को दफा ७३(२) को प्रावधान अनुसार साधारण सभाको गणपरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको कम्तीमा ५० (पचास) प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा ३ (तीन) जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम कम्पनीको दोस्रो विशेष साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या ३ (तीन) जना भन्दा बढी रहेको र शेयर संख्या बाँडफाँड भएको शेयरको ५० (पचास) प्रतिशत भन्दा बढी भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसार सभा वैधानिक भएको जानकारी गराउनु भयो । तद् पश्चात् कम्पनीको नियमावलीको व्यवस्था अनुसार सञ्चालक समितिको अध्यक्षले सभाको अध्यक्षता ग्रहण गर्दै कानूनतः आवश्यक प्रक्रिया पुरा भएकोले निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णय गर्न सभा सञ्चालन गर्न अनुरोध गर्नुभयो । तद् पश्चात् कम्पनी सचिवले सभा सञ्चालन गर्नु पूर्व उपस्थित सबै शेयरधनी महानभावहरुलाई स्वागत एवं अभिवादन गर्नुभयो र सभाको कार्य अगाडि बढाउनु भयो । साथै सञ्चालक समितिका सदस्यहरु, कम्पनीका पदाधिकारी, आमन्त्रित व्यक्तित्वहरु र उपस्थित सबै शेयरधनीहरुलाई आसन ग्रहण गराई सभा सञ्चालित भएको थियो ।



रोशन पौडेल

Ridge Line Energy Ltd.

७. **<u>दोस्रो विशेष साधारण सभामा छलफलका लागि निर्धारित प्रस्तावहरुको प्रस्तुतिः</u>**

सञ्चालक समितिका अध्यक्षले दोस्रो विशेष साधारण सभामा छलफलका लागि निर्धारित प्रस्तावहरु प्रस्तुत गर्नु भएको थियो ।

८. **<u>छलफलका लागि आवह्वानः</u>**

सभामा छलफलका लागि निर्धारित विषयसूची उपर छलफल गर्नका लागि ईच्छुक शेयरधनीहरुलाई आ-आफ्नो मन्तव्य प्रकट गर्न र सो सम्बन्धमा कुनै जिज्ञासा तथा सुझाव भए जानकारी गराउन सभा सञ्चालकले शेयरधनीहरु समक्ष अनुरोध गर्नु भए पश्चात् शेयरधनीहरु जगन्नाथ आचार्य, भेषराज भण्डारी, सुदीप श्रेष्ठ, इन्द्र प्रसाद लामिछाने, निरुपमा गुप्ता, गोविन्द बहादुर के.सी. र युगल नारायण बसेलले छलफलको क्रममा प्रत्यक्ष रुपले सहभागी हुँदै विभिन्न जिज्ञासा तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

९. **<u>सभामा शेयरधनीहरुले पक्रट गर्नु भएको धारणा, जिज्ञासा, सुझाव एवं प्रश्नहरुको जवाफः</u>**

अध्यक्ष डा. बसन्त गिरीले शेयरधनीहरुले दिनु भएका अमुल्य तथा गहन सुझावहरुकालागि शेयरधनी महानुभावहरुलाई धन्यवाद दिनु भयो ।

१०. **<u>प्रस्तावहरुको प्रस्तुतिः</u>**

अध्यक्षज्यूको निर्देशन अनुसार सभा सञ्चालनकर्ताले सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभामा छलफल र निर्णयका लागि निर्धारित विषयसूची अन्तर्गत सम्पूर्ण प्रस्तावहरु सभा समक्ष प्रस्तुत गर्नु भयो ।

११. **<u>सभाको निर्णयः</u>**

(क) **विशेष प्रस्तावः**

(१) कम्पनीको नियमावलीमा संशोधन प्रस्ताव पारित गर्ने विषय उपर सभामा छलफल हुँदा सञ्चालक समितिको सिफारिस अनुसार कम्पनीको नियमावलीमा देहाय बमोजिम रहने गरी संशोधनहरु कायम गर्ने निर्णय सभामा उपस्थित शेयरधनीबाट सर्वसम्मतबाट पारित भयो । कम्पनीको नियमावलीको संसोधन उपर नियमनकारी निकाय वा कम्पनी रजिष्ट्रारको कार्यालयबाट कुनै पनि निर्देशन प्राप्त भएमा सोही बमोजिम कम्पनीको नियमावलीमा संसोधन, परिवर्तन, थपघट वा परिमार्जन गर्नु परेमा सो गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सभामा उपस्थित शेयरधनीहरुबाट सर्वसम्मतबाट भयो ।

**<u>रिज लाइन इनर्जी लिमिटेडको नियमावलीमा भएको संशोधनहरु</u>**

| **नियमावलीमा संशोधन** | |
|---|---|
| **साविक व्यवस्था** | **संशोधन भए पश्चात् हुने व्यवस्था** |
| नियम २८. - <u>सञ्चालक हुन लिनु पर्ने न्युनतम शेयर संख्याः</u> यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०००० कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन । | नियम २८. - <u>सञ्चालक हुन लिनु पर्ने न्युनतम शेयर संख्याः</u> यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनु पर्नेछ । तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन । |



Ridge Line Energy Ltd.

(ख) **विविधः**

विविध विषय अन्तर्गत छलफलको अन्य कुनै विषयमा नभएकोले यस सम्वन्धित कुनै छलफल तथा निर्णय भएन ।

१२. **साधारण सभाको निर्णय पुस्तिका प्रमाणिकरणः**

यस सभाको निर्णय पुस्तिका (माईन्यूट) मा कम्पनी ऐन, २०६३ तथा कम्पनीको नियमावली २६(१) को व्यवस्था अनुसार सभाको अध्यक्ष र कम्पनी सचिवले साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने व्यवस्था बमोजिम कम्पनीको साधारण सभाको निर्णय पुस्तिका (माईन्यूट) सभाको अध्यक्ष तथा कम्पनी सचिवले प्रमाणित गर्ने र बुझाउनु पर्ने निकायहरुमा अध्यक्ष वा कम्पनी सचिव मध्ये कुनै १ (एक) जनाले प्रमाणित गरि प्रतिलिपि बुझाउने व्यहोरा सभालाई जानकारी गराईयो ।

१३. **धन्यवाद ज्ञापन तथा सभा बिसर्जनः**

छलफल तथा निर्णयको क्रम समाप्त भएपछि अध्यक्षज्यूले सदस्य महानुभावहरुबाट छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनुका साथै उहाँहरुबाट आवश्यक मार्ग निर्देशन प्राप्त भएकोमा तथा दोस्रो विशेष साधारण सभा सफलतापूर्वक सञ्चालन एवम् सम्पन्न गर्न आफ्नो अमूल्य समय दिई उपस्थित हुनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरु, कम्पनीका कर्मठ कर्मचारीहरु तथा अन्य उपस्थित सबै महानुभावहरुलाई धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

प्रमाणित गर्ने,

| | |
|---|---|
| ............................................ | ..................................... |
| रोशन पौडेल | डा. बसन्त गिरी |
| कम्पनी सचिव | अध्यक्ष |

Ridge Line Energy Ltd.

मिति २०८३/०६/०२